# झापाली पत्रकारिताको सङ्क्षिप्त इतिहास

मोहनकाजी न्यौपाने

सूर्योदयको पहिलो किरण पर्ने सुदूरपूर्वको झापा जिल्लामा पत्रकारिताको लामो र समृद्ध इतिहास छ। झापाका जेठा सम्पादकका रूपमा सम्मानित श्यामकृष्ण उपाध्यायले आजभन्दा लगभग आधा शताव्दीअघि झापा जिल्लामा पत्रकारिताको ऐतिहासिक थालनी गर्नुभएको थियो। २००७ सालमा प्रजातन्त्रको उदय भएपछि अन्यत्र झैं झापामा पनि पत्रकारिताको खाँचो महसुस भइरहेको अवस्थामा २०१० साल मङ्सिर १२ गते श्यामकृष्ण उपाध्यायको सम्पादनमा भद्रपुरवाट *केटो* भन्ने पहिलो मासिक पत्रिकाको प्रकाशन आरम्भ भएको थियो।

भौगोलिक रूपले सुगम र राजनीतिक एवं शैक्षिक जागरणका दृष्टिकोणले सचेत रहेको झापा जिल्लामा नेपाली भाषा र साहित्यको तत्कालीन केन्द्रविन्दु दार्जिलिङसँगको सामीप्यले समेत पत्रकारितालाई राम्ररी फस्टाउन मद्दत पुर्‍याएको देखिन्छ। आज मोफसलको पत्रकारितामा झापाको नाम अगाडि नै आउँछ। झापालाई पत्रकारिताको उर्वर एवं समृद्ध भूमिका रूपमा चिनाउन केही अग्रज पत्रकारहरूले ठूलो त्याग, तपस्या र वलिदान गरेका छन्। जेलनेल, यातना र दमनको सामना गर्दै ती अग्रज पत्रकारहरूले रगत-पसिना वगाएर कलम नचलाएको भए पञ्चायती निरङ्कुश व्यवस्थाको कठोर समयमा पनि झापाको पत्रकारिता अक्षुण, परिष्कृत र विकसित हुने थिएन।

झापाली पत्रकारिताको इतिहासमा स्वर्णाक्षरले नाम लेखिने ती अग्रज पत्रकारहरू हुन्– श्यामकृष्ण उपाध्याय, नकुल काजी, चूडामणि रेग्मी, भवानी घिमिरे र वसन्तकुमार खड्का। झापालाई कर्मथलो वनाएर झापाली पत्रकारिताको स्वाभिमान र गौरवलाई उचो राख्न डिल्लीराम निर्भीक, मदन ढकाल, तारा वराल, तेजराज खतिवडा, गोविन्दचन्द्र क्षेत्री, डिकमान विरही, गोपीकृष्ण खनाल आदि पत्रकारहरूले पनि आफ्नो कलममा निकै लामो समयसम्म मसी खर्च गरेका छन्। झापाको पत्रकारितालाई अध्ययन गर्दा लामो समयसम्म भद्रपुर नै यसको केन्द्रस्थल रहेको पाइन्छ। झापाली पत्रकारिताको इतिहासकै प्रतिनिधित्व गर्ने *केटो, आलोक, विवेचना, युगज्ञान, सिद्धार्थ, हिजोआज, सूर्योदय, भानु* जस्ता पत्रपत्रिकाहरू भद्रपुरवाटै प्रकाशित भएका थिए।

झापाको पत्रकारिताले प्रवुद्ध साहित्यकार र समाजसेवीहरूवाट समेत ठूलो टेवा पाएको छ। भाषाशास्त्री महानन्द सापकोटा, अन्वेषक एस.एल. शर्मा, समाजसेवी स्वयम्भूलाल श्रेष्ठ, ऋषिकेश उपाध्याय, साहित्यकार दान खालिङ, मोहनराज शर्मा, गणेशवहादुर प्रसाई आदिलाई झापाली पत्रकारिताको इतिहासमा उल्लेख नगरिरहन

सकिन्न। अनेकन् उकाली-ओराली पार गर्दै झापाको पत्रकारिताले आजको संस्थागत एवं व्यावसायिक पत्रकारिताको नयाँ युगमा प्रवेश गरिसकेको छ।

झापाली पत्रकारिताको इतिहासलाई मुख्य रूपमा तीन चरणमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ। ती तीन चरण र तिनको विवरण यस प्रकार छः

**(क) प्राथमिककाल (वि.सं. २०१०–२०३६ सम्म)**

२०१० साल मङ्सिर १२ गते *केटो* नामक पहिलो पत्रिकाको प्रकाशन सुरु भएदेखि २०३६ सालमा राष्ट्रिय जनमत सङ्ग्रहको घोषणा हुँदासम्मको २६ वर्षको समयावधि झापाली पत्रकारिताको इतिहास प्राथमिक कालखण्ड हो। प्राथमिककालमा लगभग एक दर्जन पत्रपत्रिकाहरू प्रशासनिक निकायमा दर्ता भएर प्रकाशित भएका देखिन्छन्। भने दर्ता नभई प्रकशित भएका दर्जनौं पत्रपत्रिकाको राम्रो लेखाजोखा र सङ्कलन हुन सकेको छैन।

मुलुकमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको आगमन भएको तीन वर्षपछि श्यामकृष्ण उपाध्यायले *केटो*को प्रकाशन प्रारम्भ गरे। देशमा वहुदलीय प्रजातन्त्रको अभ्यास भइरहेको अवस्थामा प्रकाशित *केटो*मा प्रजातान्त्रिक स्वतन्त्रता र जनजागरणको सन्देश प्रवाहित भएको कुरा जानिफकारहरू वताउँछन्। उचित संरक्षण र सङ्कलनका अभावमा आज *केटो*का अङ्कहरू अध्ययन गर्न पाइँदैन। केही अङ्क प्रकशित भएपछि यसको प्रकाशन वन्द भएको थियो। *केटो*पछि श्यामकृष्ण उपाध्यायकै सम्पादनमा २०१८ साल माघ ७ गतेदेखि *युवक* साप्ताहिकको प्रकाशन आरम्भ भएकोमा आन्तरिक कठिनाइका कारण चौथो वर्षको नवौं अङ्क निस्केपछि सो साप्ताहिक पनि वन्द भएको थियो।

२०२० सालदेखि चाहिं झापामा पत्रपत्रिका प्रकाशनको वाढी नै आएको देखिन्छ। प्राथमिककालीन पत्रपत्रिकाका नामावली तालिका १ मा प्रस्तुत गरिएको छ।

यस अवधिमा अरू पनि थुप्रै पत्रपत्रिका र सामयिक सङ्कलनहरू प्रकाशित भए पनि ठोस प्रमाण र तथ्यहरूका अभावमा यहाँ उल्लेख गर्न सकिएन। प्राथमिक कालको झापाली पत्रकारितामा निम्न तीनओटा विशेषताहरू पाइन्छन्–

**१. पञ्चायतवादी पत्रकारिताः** केही अपवादलाई छाडेर प्राथमिककालीन झापाका अधिकांश पत्रपत्रिकाहरूले तत्कालीन पञ्चायती राजनीतिक प्रणाली र शक्तिकेन्द्रहरूको पक्षपोषण गर्दथे। प्राथमिककालीन स्थापित एवं चर्चित पत्रकारहरू श्यामकृष्ण उपाध्याय, नकुल काजी, चूडामणि रेग्मी, वसन्तकुमार खड्का र डिल्लीराम निर्भीकद्वारा सम्पादित एवं प्रकाशित पत्रिकाहरू *(युवक, आलोक, विवेचना, युगज्ञान, सूर्योदय र सिद्धार्थ)* समेतले पञ्चायतवादी जागृतिका लागि आफ्नो अत्यधिक पृष्ठ खर्च गर्न पुगेका थिए।

२०१७ साल पुस १ गते वहुदलीय संसदीय प्रजातन्त्रको अन्त्य गरी निर्दलीय पञ्चायती व्यवस्था लागू भएपछि मुलुकमा राजनीतिक स्वतन्त्रता निलम्वित र लक्षहरू प्रतिवन्धित भएका थिए। यस्तो प्रतिकूल अवस्थामा पंचायती व्यवस्था र

यसका हर्ताकर्ताहरूको दोषलाई उजागर गर्नु भनेको फलामको च्यूरा चपाउनु जस्तै कठिन थियो। पञ्चायती व्यवस्थाको विरोध गर्ने र तत्कालीन शक्तिकेन्द्रहरूको आलोचना गर्ने पत्रकारले सत्ताको कोपभाजनको सिकार वन्नुपर्दथ्यो भने त्यस्ता पत्रिकाहरू वन्द गराइन्थे। पत्रिकालाई मर्यादित, निर्भीक र जनपक्षीय बनाउन जमर्को गर्दा अधिकांश अग्रज पत्रकारहरूले जेलनेल र यातनासमेत भोग्नुपरेको थियो।

**तालिका १: प्राथमिककालका पत्रपत्रिकाहरू**

| पत्रिकाको नाम | दर्ता/प्रकाशन मिति | सम्पादक/प्रकाशक |
|---|---|---|
| १. केटो मासिक | २०१०/७/१२ | श्यामकृष्ण उपाध्याय |
| २. युवक साप्ताहिक | २०१८/१०/७ | श्यामकृष्ण उपाध्याय |
| ३. भानु त्रैमासिक | २०२०/५/१७ | भवानी घिमिरे |
| ४. पञ्चायत मासिक | २०२०/१२/२ | झापा जिल्ला पञ्चायत |
| ५. आँखो | २०२० साल | तेजराज खतिवडा |
| ६. मेची सन्देश | २०२३/६/२७ | भद्रपुर नगर पञ्चायत |
| ७. पाउलो | २०२३ साल | तेजराज खतिवडा |
| ८. कस्तुरी | २०२४ साल | टेकनाथ चापागाईं |
| ९. साँचो पाक्षिक | २०२५/१/१२ | दिव्य भुर्तेल |
| १०. आह्वान | २०२५ साल | पुण्य ढकाल |
| ११. आलोक साप्ताहिक | २०२५/४/१७ | श्यामकृष्ण उपाध्याय |
| १२. पञ्चामृत मासिक | २०२५/८/२८ | वासुदेव शर्मा |
| १३. सूर्योदय साप्ताहिक | २०२५/१२/१२ | वसन्तकुमार खड्का |
| १४. युगज्ञान साप्ताहिक | २०२६/५/१४ | चूडामणि रेग्मी |
| १५. झटारो | २०२६ साल | तेजराज खतिवडा |
| १६. मुना | २०२६ साल | रूद्र खरेल |
| १७. झम्पल | २०२७ माघ | यज्ञराज प्रसाई |
| १८. लालटिन | २०२० साल | थाहा नभएको |
| १९. विवेचना अर्द्ध-साप्ताहिक | २०२८/९/१ | नकुल काजी |
| २०. मुक्ति सङ्ग्राम | २०२८ साल | श्रीराम गिरी |
| २१. सिद्धार्थ पाक्षिक | २०२९/८/१० | डिल्लीराम निर्भीक |
| २२. श्रीपेच | २०३२ साल | गोविन्द श्रेष्ठ |
| २३. सेवा सुश्रुषा द्वैमासिक | २०३५/९/१० | डिल्लीकुमार भट्टराई |
| २४. वर्गसङ्घर्ष | २०३५ पुस | [नेकपा (माले) मुखपत्र] |
| २५. तीनजुरे | – | थाहा नभएको |

त्यसवेला पञ्चायती राज्यव्यवस्था, दरवारिया शक्ति र पञ्च नेताहरूको गुणगान र चाकरी वढी हुने गरेको हुँदा कतिपयले यसलाई स्तुतिवादी पत्रिकारिता

भनी व्यङ्ग्य गर्ने गरेको पाइन्छ। तर त्यो स्तुति र चाकरी पत्रपत्रिका र पत्रकारको रहर नभएर तत्कालीन परिस्थितिले जन्माएको बाध्यता थियो। पत्रिकालाई जसरी पनि जीवित राख्ने उद्देश्यका लागि सत्ता र शक्तिमा भएका व्यक्तिको गुणगान गाइन्थ्यो।

त्यसवेलाका पत्रपत्रिकाहरूले विभिन्न गुट-उपगुटमा विभाजित तत्कालीन शक्तिकेन्द्रहरू (दरवार, प्रधानमन्त्री प्रभावशाली मन्त्री, अञ्चलाधीश, सिडिओ आदि) मध्ये कुनै एक शक्तिलाई रिझाएर अरू शक्तिका विरूद्ध कलम चलाउँथे। जस्तो कि पञ्चनेता सूर्यवहादुर थापाको जहिले पनि गुणगान गाउने *सूर्योदय*ले वेलावखत प्रतिवन्धित वामपन्थी दलका गतिविधिहरू प्रकाशमा ल्याइरहन्थ्यो। शक्तिशाली पञ्चनेता डा. तुलसी गिरीको दरिलो समर्थन र सहयोग पाएको *विवेचना*ले प्रायः सबैखाले राजनीतिक, सामाजिक विकृति-विसङ्गतिहरूको सशक्त भण्डाफोर गर्दथ्यो। *सिद्धार्थ* लगायतका केही पत्रिकालाई दरबारिया सचिवहरूको आशिर्वाद थियो भने काङ्ग्रेसको प्रजातान्त्रिक लाइन समात्न खोज्ने *आलोक* पनि पञ्चायती शासक तथा प्रशासकहरूको वोक्रे चाकरी गर्न चुक्दैनथ्यो।

त्यसो त पञ्चायती व्यवस्थाको खुला विरोध गर्दै केही पत्रपत्रिका ननिस्केका भने होइनन्। केही अङ्क निस्केर वन्द भएका *साँचो* र *आह्वान* पत्रिकाहरू पञ्चायतको विरोध र प्रजातन्त्र पुनः वहालीको मिसनमा क्रियाशील थिए। यसैगरी *पञ्चायत, झटारो, मुना, झम्पल, तीनजुरे, वर्गसङ्घर्ष, हिमाल* आदि साहित्यिक पत्रिकाहरू साम्यवादी दर्शन र प्रगतिशील विचारधाराको प्रचार गर्ने अर्को मिसनमा रहेका थिए।

पञ्चायतवादी पत्रकारितामा क्रियाशील दुई खाले पत्रपत्रिकाहरू थिए। व्यक्तिगत लगानीमा सञ्चालित धेरैजसो पत्रपत्रिकाहरू व्यवस्था सँगसँगै पाठक रिझाउने ध्याउन्नमा थिए भने जिल्ला पञ्चायत र नगर पञ्चायतवाट प्रकाशित केही पत्रिकाहरू अर्द्ध-सरकारी हैसियतका थिए। जसको मुख्य उद्देश्य हुन्थ्यो- पञ्चायती व्यवस्थाको प्रचार र मुखपत्रको रूपमा प्रयोग हुने। भद्रपुर नगर पञ्चायतको *मेची सन्देश* र जिल्ला पञ्चायतको *पञ्चायत* त्यस्तै दुईओटा अर्द्ध-सरकारी पत्रिका थिए।

**२. साहित्यिक पत्रकारिता:** झापाली पत्रकारिताको प्राथमिककालमा साहित्यिक प्रकाशनहरूको वाढी नै आएको थियो। समाचार प्रकाशित गर्ने भन्दा साहित्यिक लेख-रचना छाप्ने साहित्यिक सङ्गालोहरू त्यसवेला अत्यधिक प्रकाशित भएका थिए। अर्कोतिर समाचारमूलक पत्रपत्रिका (*विवेचना, आलोक, युगज्ञान* आदि)मा समेत साहित्यिक लेख रचनाहरूकै प्राचुर्य थियो।

*भानु, साँचो, पञ्चामृत, झटारो* आदि चर्चित पत्रिकाहरू साहित्यमुखी नै थिए भने *विवेचना, युगज्ञान, आलोक* लगायतका पत्रिकामा साहित्यिक लेख-रचनाहरूका स्तम्भ नियमित थिए। कसैको आलोचना वा विरोध गर्नुपर्दा त्यसवेला प्रत्यक्षभन्दा अप्रत्यक्ष साहित्यिक शैलीलाई ज्यादा रुचाइन्थ्यो। *विवेचना*मा 'ऐंसेलुको झ्याङ्मुनि

चिसो पानी', 'परवाट आयो नरे थापा,' *युगज्ञान*मा 'गजवाष्टक' र 'पुछारका पातो' आदि स्तम्भमा छापिएका व्यङ्ग्यात्मक लेखहरू विरोध र आलोचनाका यस्तै नमुना थिए।

**३. व्यक्तिवादी प्रवृत्तिः** झापाको प्राथमिककालीन पत्रकारितामा व्यक्तिवाद हावी थियो। अधिकांश पत्रपत्रिकाहरू व्यक्तिगत लगानीमा सञ्चालित थिए। व्यक्ति आफैले समाचार र लेख लेख्ने, आफैं लेटर-प्रेसमा कम्पोज गर्ने र आफैंले छापेर ग्राहकलाई बाँडिएको पनि त्यसवेला पाइन्थ्यो। व्यापारी, विज्ञापनदाता र शक्तिकेन्द्रहरूमा धाएर सङ्कलन गरेको रकम पनि सम्वन्धित व्यक्तिकै हुन्थ्यो। सम्पादक र प्रकाशक प्रायः एकै व्यक्ति हुन्थे। पत्रकारितालाई संस्थागत गर्ने, व्यवस्थाको रूपमा विकास गर्ने र पत्रिकालाई व्यक्तिको कब्जावाट मुक्त राख्ने तर्फ त्यसवेला कसैले ध्यान दिएनन्। यसो हुँदा चाकरी, चाप्लुसी र व्रह्मलुट गर्ने कतिपय पत्रकारले अकुत धनसम्पत्ति जोड्ने मौका पाए भने त्यागी, मिहिनेती र छलकपट नगर्ने केही पत्रकारहरू प्रतिभासम्पन्न हुँदाहुँदै पनि आर्थिक रूपले कमजोर भए।

## (ख) माध्यमिककाल (२०३६-२०४६ सम्म)

२०३६ सालमा राष्ट्रिय जनमत सङ्ग्रहको शाही घोषणापश्चात् देशमा उत्पन्न राजनीतिक चलहपहल र खुलापनले झापाको परम्परागत पत्रकारितामा नयाँ मोड ल्याएको थियो। अँध्यारो कोठामा कुण्ठित बनेका पहेंला जमरा झ्याल खुलेर उज्यालो पाउँदा हरियो वनेर मौलाए झैं झापाको पत्रकारिता पनि यही समयदेखि मौलाउन थाल्यो। वहुदल रोज्ने कि निर्दलीय पञ्चायत रोज्ने भन्ने विषयमा खुल्ला वहस गर्न छुट पाएका राजनीतिक शक्तिहरूले पत्रपत्रिकालाई उपयोग गर्न थाले। यस अवधिमा प्रकाशित अधिकांश पत्रपत्रिका राजनीतिक विचारवाट पृथक् रहन सकेका छैनन्।

माध्यमिककालमा पत्रकारिता समयसापेक्ष, निकै परिष्कृत र समाज सचेतक वन्न पुगेको छ। २०३७ सालमा जनमत सङ्ग्रह सम्पन्न भई सुधारिएको पञ्चायती व्यवस्थालाई विजयी घोषित गरिएपछि निर्दलीय पञ्चायतको समर्थन गर्ने पत्रिकाहरू थप प्रोत्साहित भए भने दलीय विचारमा भिज्न थलिसकेका कतिपय पत्रिका वन्द पनि भए।

माध्यमिककालमा प्रकाशित नयाँ पत्रपत्रिकाहरूमध्ये नकुल काजीको *विवेचना साप्ताहिक,* मदन ढकालको *शनिवार साप्ताहिक,* तारा वरालको *साप्ताहिक विचार,* चूडामणि रेग्मीको *जुही* र डिल्लीराम निर्भीकको *सिद्धार्थ साप्ताहिक* निकै चर्चित थिए। माध्यमिककालमा प्रकाशित पत्रपत्रिकाको नामावली तालिका २ मा दिइएको छ।

माध्यमिककालीन पत्रकारिताको प्रमुख विशेषता भनेकै राजनीतिक पत्रकारिता हो। त्यसवेलाका पत्रपत्रिकाहरू चेतना र जनजागरणका सम्वाहक वन्न पुगेका थिए। जनताका चाहना र विचारलाई स्थान दिएर पत्रपत्रिकाहरू जनमुखी भएका थिए। प्रजातन्त्र र जनअधिकारको लागि शासकहरूलाई दवाव दिने र जनतालाई संगठित गर्ने कार्यमा तत्कालीन पत्रकारिताले ठूलो सघाउ पुऱ्याएको

देखिन्छ। माध्यमिककालको भापाली पत्रकारितामा निम्न दुई प्रकारका विशेषता पाइन्छन्–

**१. राजनीतिक पत्रकारिताः** २०३६ सालमा शाही घोषणामार्फत् राष्ट्रिय जनमत सङ्ग्रहको घोषणा भएपछि मुलुकको राजनीतिमा आएको खुलापन र स्वतन्त्रताको प्रभाव पत्रकारितामा पर्नु अत्यन्त स्वाभाविक थियो। फलस्वरूप अधिकांश पत्रपत्रिकाहरू राजनीतिक विचार र प्रचारका संवाहक वन्न पुगेका थिए।

**तालिका २ः माध्यमिककालका पत्रपत्रिकाहरू**

| पत्रिकाको नाम | दर्ता/प्रकाशित मिति | सम्पादक/प्रकाशक |
|---|---|---|
| १. ध्वनि मासिक | २०३६/३/७ | योग्यराज न्यौपाने |
| २. विश्वदीप मासिक | २०३६/८/२३ | मदन ढकाल |
| ३. मेची खवर | २०३६ साल | विष्णुभक्त प्रसाई |
| ४. रहर मासिक | २०३७/५/२५ | डिकमान विरही |
| ५. सिद्धार्थ साप्ताहिक | २०३७/८/२० | डिल्लीराम निर्भीक |
| ६. जुही त्रैमासिक | २०३८/२/८ | चूडामणि रेग्मी |
| ७. संसार द्वैमासिक | २०३८/८/८ | श्यामकृष्ण उपाध्याय |
| ८. जनज्योति साप्ताहिक | २०३८/८/१४ | गञ्जवहादुर दाहाल |
| ९. साहित्यलोक त्रैमासिक | २०३८/११/२१ | अमृतलाल श्रेष्ठ |
| १०. लालीगुराँस त्रैमासिक | २०३८/११/२५ | प्रदीपकुमार खड्का |
| ११. हिजोआज दैनिक | २०३९/३/१३ | डिल्लीराम निर्भीक |
| १२. जनध्वनि साप्ताहिक | २०३९/४/२७ | योग्यराज न्यौपाने |
| १३. नयाँ विचार साप्ताहिक | २०३९/६/२२ | मीना अधिकारी |
| १४. दूवो द्वैमासिक | २०३९/९/२ | राजेन्द्रशलभ शर्मा |
| १५. सप्रमाण पाक्षिक | २०३९ साल | अरूण नेम्वाङ्ग |
| १७. स्वतन्त्र आवाज | २०४०/१/२ | मोहनवहादुर ढुङ्गाना |
| १८. वरुण साप्ताहिक | २०४०/१/४ | हीरा आकाश |
| १९. अञ्जुलि साप्ताहिक | २०४०/६/४ | विष्णु शिवाकोटी |
| २०. साप्ताहिक विचार | २०४०/६/५ | तारा वराल |
| १६. शनिवार साप्ताहिक | २०४०/९/२५ | मदन ढकाल |

२०१७ सालको शाही कदमवाट प्रतिवन्धित राजनीतिक दलहरू (काङ्ग्रेस–कम्युनिस्ट) सतहमा उत्रिएर आ–आफ्ना राजनीतिक प्रचारमा लागेका थिए। दल माथिको प्रतिवन्ध फुकुवा नभए पनि वहुदलीय प्रजातन्त्र वा निर्दलीय पञ्चायत कुन रोज्ने भन्ने विषयमा खुला वहस चलाउन र तत्सम्वन्धी प्रचार–प्रसार गर्नपाइने भनी राजावाट स्पष्ट हुकुम वक्स भएको थियो। यो आंशिक स्वतन्त्रताको वातावरणलाई पत्रकारिताले समेत सदुपयोग गरेको थियो।

पञ्चायती शासनको ३० वर्षको अवधिमा प्रेस स्वतन्त्रताको हिसावले २०३६-०३७ साल स्वर्णकाल नै थियो। पत्रपत्रिकाहरू वहुदल वा निर्दलका पक्षमा जनमत सृर्जना गर्न खुलेर लागेका थिए। तसर्थ झापाली पत्रकारिताको इतिहासमा जनमत सङ्ग्रहकालीन अवधिले राजनीतिक पत्रकारिताको नयाँ युग सुरु गरेको थियो भन्न सकिन्छ।

राजनीतिक पत्रकारितालाई पनि दुई खेमामा वाँड्न सकिन्छ; एकथरि पत्रपत्रिकाहरू पञ्चायती व्यवस्थाको समर्थन गर्दै निर्दलीय राजनीतिक परिपाटीको प्रचार गर्दथे भने अर्काथरि पत्रपत्रिकाहरू पञ्चायती व्यवस्थाको विरोध गर्दै वहुदलीय प्रजातन्त्रका वकालत गर्थे। जनमत सङ्ग्रहकालीन चर्चित पत्रिकामध्ये श्यामकृष्ण उपाध्यको *आलोक* साप्ताहिकले वहुदलीय प्रजातन्त्रको व्यापक प्रचारप्रसार गरेको थियो भने नकुल काजीको *विवेचना* साप्ताहिक र वसन्तकुमार खड्काको *सूर्योदय* साप्ताहिकले निर्दलीय पञ्चायती व्यवस्थाको पक्षमा जनमत सृर्जना गर्न मद्दत पुऱ्याएका थिए।

माध्यमिककालीन *युगज्ञान* पत्रिकले भने वहुदल वा निर्दल कसैको पनि खुलेर प्रचार नगरेको पाइन्छ। प्रचण्डलाल मास्केद्वारा सम्पादित *लोकमत* पत्रिकाले जनमतसंग्रहका वेला वहुदलको ठूलो प्रचार गरेको थियो भने *सूर्योदय*ले पञ्चायतकै समर्थन गरेको थियो। यही अवधिमा प्रशासनको वक्रदृष्टि परेर केही पत्रपत्रिकाका प्रकाशन वन्दसमेत भएका थिए। २०४० सालमा सरकारले *विवेचना* साप्ताहिकको प्रकाशनमा नै वन्देज लगाएको थियो। जनमत सङ्ग्रहपछि २०४६ सालसम्म झापामा वहुदलीय प्रजातन्त्रको पक्षमा खुलेर वकालत गर्ने पत्रपत्रिका प्रकाशित हुन सकेको देखिंदैन। साप्ताहिक विचारले नेपाली काङ्ग्रेसले अङ्गीकार गरेको प्रजातन्त्र र वहुदलीय व्यवस्थाको पक्षमा घुमाउरो हिसावले कलम चलाएको देखिन्छ भने २०३७ सालपछि नकुल काजीद्वारा सम्पादित *विवेचना* साप्ताहिकले निकै खरो र तीखो आलोचना, विश्लेषण र टिप्प्णीहरू प्रकाशित गरेर निडर पत्रकारिताको नमुना प्रस्तुत गरेको थियो।

**२. जनमुखी पत्रकारिता:** माध्यमिककालमा पत्रपत्रिकाहरूले पञ्चायतको गुणगान र विचारविहीन साहित्य लेख्ने परम्परागत पत्रकारिताको शैलीमा आमूल परिवर्तन गरी जनताका आवाज, प्रतिक्रिया र चाहनालाई प्रशस्त ठाउँ दिएर जनमुखी पत्रकारिताको शैली विकास गरेको पाइन्छ। सरकारी समाचारस्रोत राससले दिएका सरकारी समाचारमा मात्र भर नपरी कुनै पनि घटना, स्थिति र विषयवस्तुको उल्लेख गर्दा यथार्थ र वस्तुगत तथ्यहरूको आधार पक्रिएर विश्लेषण र टिप्पणी प्रकाशित गर्ने चलन यस अवधिमा निकै लोकप्रिय वनेको थियो। नकारात्मक समाचारहरू पाठकका रुचिवर्द्धक खुराक हुन् भन्ने वुझेर पञ्चायती व्यवस्था र सामाजिक क्रियाकलापभित्रका विसङ्गति र विकृतिको भण्डाफोर गर्ने परम्परा वसेकाले यस वेलाको पत्रकारितालाई जनमुखी पत्रकारिता भनिएको हो।

राजनीतिक पत्रकारिता र जनमुखी पत्रकारिताको राम्रो विकास भए पनि माध्यमिककालीन झापाली पत्रकारहरूमा सरकार र नेताहरूवाट पुरस्कार एवं

वक्सिस हत्याउने नराम्रा प्रवृत्तिहरू पनि देखिएका थिए। यही अवधिमा झापाली पत्रकारिताको इतिहासमा पहिलो दैनिक समाचारपत्र *हिजोआज*को प्रकाशन सुरु भएको थियो।

## (ग) आधुनिककाल (२०४६ सालदेखि वर्तमानसम्म)

२०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वामोर्चाले पञ्चायती व्यवस्था विरूद्ध संयुक्त जनआन्दोलन गरी वहुदलीय प्रजातन्त्रको पुनः वहाली गरेपछिको झापाली पत्रकारिताको कालखण्डलाई आधुनिककालको संज्ञा दिइएको हो। यस कालखण्डलाई प्रजातान्त्रिक एवं प्रेस स्वतन्त्रताको युग मानिन्छ।

२०४७ सालमा वनेको प्रजातान्त्रिक संविधानले प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिदिएपछि देशभर स्वतन्त्र पत्रकारिताको अनकूल वातावरण तयार भएको थियो। पत्रकारिता क्षेत्र पनि पञ्चायती व्यवस्थाको दासतावाट मुक्त भएको थियो। राजनीतिक रूपले सचेत र प्रजातान्त्रिक आन्दोलनमा ठूलो सघाउ पुऱ्याएको झापा जिल्लामा २०४७ सालपछि पत्रपत्रिकाको वजार र पाठक सङ्ख्या वढेर गएको पाइन्छ। यो अनुकूल वातावरणमा नयाँ पत्रपत्रिका प्रकाशन गर्नेको सङ्ख्या पनि वढेको देखिन्छ। सूचना र सञ्चार प्रविधिमा आएको विश्वव्यापी क्रान्तिको कारण पत्रपत्रिका छाप्ने परम्पारगत 'लेटर कम्पोज' प्रविधिको सट्टा अफसेट प्रेस र कम्प्युटर टाइप जस्ता आधुनिक प्रविधि झापामा भित्रिसकेका छन्।

पत्रकारितालाई संस्थागत र व्यावसायिक वनाउन यस अवधिमा ठूला प्रयास भइरहेका छन्। दैनिक पत्रिकाहरूले पत्रकारिताको व्यापक क्षेत्र ओगट्न पुगेका छन्। धनाढ्य पूँजीपति वर्ग र प्राज्ञिक वर्गले संस्थागत पत्रकारिताका लागि आर्थिक लगानी गर्ने कार्य गरिरहेका छन्। निश्चित मूल्य-मान्यता र सिद्धान्तमा डोऱ्याएर पत्रकारितालाई सम्मानित, उपयोगी र विश्वसनीय तुल्याउने कसरत पनि हुन थालेको छ। अहिले पनि झापाको पत्रकारिताले मोफसलको पत्रकारितामा उत्कृष्टता हासिल गरिरहेकै छ। आधुनिककालमा प्रकाशित पत्रपत्रिकाको विवरण परिशिष्टमा प्रस्तुत गरिएको छ।

आधुनिककालीन झापाली पत्रकारितामा निम्नलिखित दुई प्रवृत्तिको विकास भएको पाइन्छ–

**१. स्वतन्त्र पत्रकारिताः** २०३६ सालको राष्ट्रिय जनमत सङ्ग्रहकालीन अवस्थामा सुरु भएको राजनीतिक पत्रकारिता २०४६ सालपछि विकसित भएर स्वतन्त्र पत्रकारिताको नयाँ युगमा प्रवेश गऱ्यो।

२०४६ साल चैत्र २६ गते वहुदलीय प्रजातन्त्रको पुनः वहालीको घोषणाले पत्रपत्रिकालाई स्वतन्त्रतापूर्वक लेख्न र विचार अभिव्यक्त गर्न खुला गरिदियो। साथै 'नेपाल अधिराज्यको संविधान २०४७' मा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र दलीय स्वतन्त्रतालाई ग्यारेण्टी प्रदान गरिएपछि पत्रकारिताले पनि स्वतन्त्रताको वाटो अख्तियार गर्न पुग्यो। यस अवधिमा दलीय चलखेल र चिन्तनले राष्ट्रिय जनजीवनमा

सर्वाधिक प्रभाव पारेको हुँदा पत्रकारिता पनि यसबाट अछुतो रहेन। विभिन्न दलको मुखपत्र बनेर वा कुनै पनि दलका कब्जामा नरही दलनिरपेक्ष (निष्पक्ष) पत्रकारिता गर्न पत्रपत्रिका तथा पत्रकरहरूलाई स्वतन्त्रता मिल्यो।

आधुनिककालमा झापाका *झापा एक्सप्रेस, विवेचना, पूर्वाञ्चल र हिजोआज* जस्ता दैनिक समाचारपत्र र *शनिबार साप्ताहिकले* दलनिरपेक्षाताको बाटो अख्तियार गर्नपुगे भने *साप्ताहिक विचार, लोकमत, सन्दर्भ* आदि साप्ताहिक पत्रिकाले नेपाली काङ्ग्रेस पार्टीको लगभग मुखपत्र भएर पार्टी पत्रकारिताको अभ्यास गरे।

यसैगरी *स्वाधीन सम्बादको* सम्पादकमा लीला उदासी र हरिचरण बानियाँ रहुञ्जेल सो साप्ताहिकले तत्कालीन नेकपा (माले)को मुखपत्रको रूपमा पत्रकारिता गरेको देखिन्छ। *सृष्टि, नौलो सृष्टि, पूर्वाञ्चल आवाज, जनआन्दोलन, नयाँ अठोट* लगायतका साप्ताहिक पत्रिका नेकपा (एमाले)को मुखपत्रका रूपमा प्रकाशित भई हाल वन्द रहेका छन्। *जनचाहना, मुक्ति आवाज, आङ्राधुम्ना, शान्दुस* आदि पत्रपत्रिकाले जनजाति एवं आदिवासी उत्थानका विषयवस्तुमा केन्द्रित भएर पत्रकारितालाई अगाडि बढाएको देखिन्छ। यीमध्ये *मुक्ति आवाज* मात्र हालसम्म निरन्तर प्रकाशित छ। *कन्काई एक्सप्रेस* र *नयाँ कामना* साप्ताहिकले राप्रपाको मुखपत्र बनी पत्रकारिता गरेका छन्। *अर्को विकल्प* त्रैमासिकले माओवादी पार्टीका गतिविधि र विचारलाई प्राथकिताका साथ छाप्ने गरेको पाइन्थ्यो।

*न्यू कान्तिपथ* दैनिकका सम्पादक खगेन्द्र कार्कीको असामयिक देहावसानका कारण पहिलो अङ्क नै प्रकाशित हुन पाएन। निर्मल पोखरेल सम्पादक रहेको *पूर्वी नेपाल* दैनिक केही अङ्क निस्केर वन्द भयो। त्यस्तै *झापा एक्सप्रेस* दैनिक ६ महिना प्रकाशित भएर वन्द भएको थियो भने गञ्जबहादुर दाहालको सम्पादनमा *पूर्व सन्देश* दैनिकको दमकबाट प्रकाशन आरम्भ भएको छ। *मासलाइन* दैनिकको पहिलो अङ्क नै निस्केन। झापाली पत्रकारिताको इतिहासमा पहिलोपल्ट नकुल काजीको सम्पादकत्वमा *इष्टर्न इको* नामक अङ्ग्रेजी साप्ताहिक पत्रिका प्रकाशित भएको छ।

स्वतन्त्र पत्रकारिताको विकाससँगै राजनीतिक दलको दासता स्वीकार्ने, पीत पत्रकारिता गर्ने, विज्ञापन र पैसाका लागि समाचारको तथ्य र यथार्थलाई वङ्ग्याउने जस्ता विकृतिहरू पनि झापाली पत्रकारितामा देखा परेका छन्।

**२. संस्थागत एवं व्यावसायिक पत्रकारिताः** २०४६ सालपछिको एक दशकभन्दा बढी समयावधिमा स्वतन्त्र पत्रकारिताको साथै संस्थागत एवं व्यावसायिक पत्रकारिताको सुरुआत भएको पाइन्छ। प्राथमिककालीन र माध्यमिककालीन पत्रकारितामा पत्रकारितालाई संस्थागत गर्ने र दिगो व्यवसायको रूपमा अघि बढाउने प्रयास हुन सकेको थिएन। झापामा नकुल काजी, चूडामणि रेग्मी, डिल्लीराम निर्भीक आदि पुराना पत्रकारहरूले प्राथमिककालदेखि नै निरन्तर रूपमा पत्रकारिता व्यवसायलाई अँगाल्दै आए पनि त्यसले संस्थागत एवं व्यावसायिक अवधारणालाई अँगाल्न सकिरहेको थिएन। पत्रिकाहरू व्यक्तिको नाममा दर्ता हुन्थे, पत्रिकाको स्वामित्व पनि व्यक्तिकै हुन्थ्यो। व्यक्तिको मृत्युपछि पत्रिका वन्द हुने गर्थे।

श्यामकृष्ण उपाध्यायको निधनसँगै *आलोक* साप्ताहिक लगभग वन्द हुनपुग्यो भने वसन्तकुमार खड्काको निधनसँगै *सूर्योदय* साप्ताहिक पनि प्रकाशित भएन। चूडामणि रेग्मीले *युगज्ञान*को सम्पादन गर्न छाडेपछि सो पत्रिका पनि लगभग वन्द नै भयो। यसो हुनुमा पत्रकारितालाई संस्थागत गर्ने सोचको अभाव प्रमुख कारण थियो। अझै पनि अग्रज पत्रकारहरू नकुल काजी र डिल्लीराम निर्भीकद्वारा सञ्चालित पत्रिकाहरूमा उहाँहरूको उत्तराधिकारी कोही वन्नसकेका छैनन्। २०४९ सालमा भद्रपुरवाट नकुल काजीको सम्पादनमा मेची प्रकाशन प्रालिद्वारा प्रकाशित *झापा एक्सप्रेस दैनिक* झापाको पहिलो संस्थागत पत्रकारिताको जग थियो। पत्रिका प्रकाशनका निमित्त प्रालिको स्थापना भएर सेयर लगानी भएको घटना पनि पहिलो थियो। तर झापा एक्सप्रेस लामो समयसम्म टिक्न सकेत।

त्यसपछि २०५२ सालमा टोरूप प्रसाई, भरतलाल गिरीहरूको प्रयासमा श्रीअन्तु प्रकाशन प्रालिको स्थापना भयो। दर्जनौं व्यक्ति सेयरधनी रहेको श्रीअन्तु प्रकाशन प्रालिले विर्तामोडवाट *पूर्वाञ्चल* दैनिक प्रकाशित गर्नथाल्यो। पत्रकारितालाई व्यवसायको रूपमा अघि वढाउन र संस्थागत गर्ने कार्यमा श्रीअन्तु प्रकाशन प्रालिले नयाँ सम्भावनाको क्षितिज उघार्न पुग्यो। *पूर्वाञ्चल* दैनिकमा सम्पादक परिवर्तन हुँदा पनि पत्रिका प्रकशित भइरहेको छ। यसमा संस्थागत पत्रकारिता व्यावहारिक रूपमा सफल भएको देखिन्छ।

२०५० सालदेखि नकुल काजीको सम्पादनमा निरन्तर प्रकाशित भइरहेको *विवेचना दैनिक* पनि पत्रकारितालाई संस्थागत गर्ने अभियानमा जुटेको छ। २०५७ सालमा भद्रपुरमा स्थापित झापा प्राज्ञ प्रकाशन प्रालिका *विवेचना दैनिक, इष्टर्न इको* (अङ्ग्रेजी साप्ताहिक), *वरूण साप्ताहिक* र *विवेचना मासिक* गरी ४ ओटा पत्रिका रहेका छन्। तर हाल *विवेचना* दैनिकको मात्र नियमित प्रकाशन भइरहेको छ। संस्थागत पत्रकारिता अघि वढेका कारण व्यक्तिगत पहुँचका आधारमा प्रकाशित भइरहेको *हिजोआज* दैनिक हाल वन्द हुने अवस्थामा पुगिसकेको छ भने आधुनिक प्रविधि, दल निरपेक्ष प्रस्तुति, संस्थागत अवधारणावाट प्रकाशित *विवेचना* दैनिकले वजार र पाठकको व्यापक क्षेत्र ओगट्न पुगको छ।

हाल साप्ताहिकहरूमा माधव विद्रोहीको *स्वाधीन सम्वाद,* दिपिन राईको *मुक्ति आवाज,* गोपीकृष्ण खनालको *नयाँ कामना* र गोपाल काफ्लेको *साझा मञ्च* लोकप्रिय रहेका छन् भने *जुही* वाहेक मासिक-त्रैमासिक अन्य पत्रपत्रिकाहरू नियमित छैनन्।

आधुनिककालमा आएर झापाको पत्रकारिता व्यावसायिक वन्न पुगेको छ। राजधानीका ठूला अखवारहरूमा रिपोर्टिङ गर्ने र स्थानीय अखवारहरूमा रिपोर्टिङ एवं सम्पादन कार्य गर्ने दर्जनौं युवा पत्रकारहरूले पत्रकारितालाई जीविकोपार्जनको पेसा वनाउनथालेका छन्। आज झापामा पत्रकारहरूको ठूलै जमात तयार भएको छ। जिल्लाको राजनीतिक, सामाजिक, वौद्धिक जीवनमा पत्रकारिताले सम्मान पाउनुका साथै यसले सवैको सहभागी वन्ने अवसर प्राप्त गरेको छ।[१]

---

१ यो लेख तयार गर्दा सल्लाह सुझाव दिनु हुने नकुल काजी, चूडामणि रेग्मी, तेजराज खतिवडा र मदन ढकाललाई धन्यवाद छ।

## सन्दर्भ सामग्री

नेपाल पत्रकार महासङ्घ। २०५६। *चौथौ अङ्क (स्मारिका)*। विर्तामोड।

*आलोक, भानु, युगज्ञान, युवक, विवेचना र सूर्योदयका* विभिन्न अङ्कहरू।

## परिशिष्ट

### आधुनिक कालका पत्रपत्रिकाहरू

| पत्रिकाका नाम | दर्ता/प्रकाशित मिति | सम्पादक/प्रकाशक |
|---|---|---|
| वरूण साप्ताहिक (नामसारी) | २०४७/१/६ | नकुल काजी |
| सिद्धार्थ अर्द्धसाप्ताहिक | २०४७/४/७ | डिल्लीराम निर्भिक |
| नयाँ कामना साप्ताहिक | २०४७/५/६ | गोपीकृष्ण खनाल |
| स्वाधीन सम्वाद साप्ताहिक | २०४७/५/७ | लीला उदासी |
| मनकामना साप्ताहिक | २०४७/७/२७ | गणेशवहादुर वानियाँ |
| लोकमत साप्ताहिक | २०४७/१०/२७ | सूर्य नेपाल |
| सृष्टि साप्ताहिक | २०४८/४/२ | पदम पौडेल |
| स्वाधीन सम्वाद (नामसारी) | २०४८/४/५ | हरिचरण वानियाँ |
| नयाँ शक्ति साप्ताहिक | २०४८/२/३ | (अञ्जलिको नाम परिवर्तन) |
| जनचाहना साप्ताहिक | २०४८/४/२३ | तिलविक्रम कन्दङ्वा |
| झापा एक्सप्रेस दैनिक | २०४९/८/२८ | नकुल काजी |
| शशाङ्क त्रैमासिक | २०४९/११/५ | कृष्ण धरावासी |
| ज्योतिष दर्पण | २०४९/११/१९ | लोकराज पौडेल |
| स्वतन्त्र आवाज (नामसारी) | २०४९ चैत्र | देवेन्द्रकिशोर ढकाल |
| दैनिक विवेचना* | २०५०/४/१५ | नकुल काजी |
| झापा एक्सप्रेस (नामसारी) | २०५०/४/१५ | धनजुजु श्रेष्ठ |
| कन्काई एक्सप्रेस साप्ताहिक | २०५०/८/१६ | जयवहादुर श्रेष्ठ |
| साप्ताहिक विचार (नामसारी) | २०५२/१/१८ | खगेन्द्रकुमार कार्की |
| झुल्केघाम साप्ताहिक | २०५२/७/२१ | डिकमान विरही |
| नौलो आयाम साप्ताहिक | २०५२/२/२ | पंकज दहाल |
| पूर्वाञ्चल दैनिक* | २०५२/४/१९ | गोविन्दचन्द्र क्षेत्री |
| पूर्वाञ्चल आवाज साप्ताहिक | २०५२/६/५ | केदारनाथ रिजाल |
| तीलकोर मासिक | २०५२/६/१० | सुरेन्द्र कुमार कर्ण |
| सन्दर्भ साप्ताहिक | २०५२/८/११ | लोकराज ढकाल |
| यथार्थ कुरा पाक्षिक | २०५२/९/१८ | चूडामणि रेग्मी |
| साप्ताहिक समाचार | २०५३/४/३० | गोपाल गिरी |
| नौलो सृष्टि | २०५३/६/१५ | (सृष्टिको नाम परिवर्तन) |
| आधारशीला त्रैमासिक | २०५३/११/२५ | रामनाथ वाँस्कोटा |

| | | |
|---|---|---|
| मेची खबर साप्ताहिक | २०५४/४/२४ | राजवावु शंक |
| स्वाधीन सम्वाद (नामसारी)* | २०५४/५/६ | माधव भण्डारी |
| पाथिभरा मासिक | २०५४/५/१३ | राम प्र. अधिकारी |
| न्यू कान्तिपथ दैनिक | २०५४/५/१३ | खगेन्द्रकुमार कार्की |
| मुक्ति आवाज साप्ताहिक* | २०५४/११/१ | तिलविक्रम कन्दङ्वा |
| इस्टर्न इको (Eastern Echo)# | २०५४/१२/११ | नकुल काजी |
| जन आन्दोलन | २०५५/४/१८ | कमलप्रसाद मिश्र |
| जनसंसद | २०५५/८/७ | राजेश ढुङ्गाना |
| झापाली सन्देश | २०५५/८/१६ | ठाकुरप्रसाद शिवाकोटी |
| अर्को विकल्प त्रैमासिक | २०५५/८/१७ | प्रेमकुमार प्रधान |
| स्काउट दर्पण त्रैमासिक | २०५५/९/१७ | कुसुम क्षेत्री |
| दीक्षा मासिक | २०५६/१/५ | लीला उदासी |
| सप्रमाण पाक्षिक (नामसारी) | २०५६/१/६ | जी.एन. शर्मा |
| नयाँ अठोट | २०५६/५/२२ | नेत्र पाठक |
| स्वर्गाश्रम | २०५६ साल | प्रेमप्रकाश पलाहारी |
| पिपुल्स टाइम्स साप्ताहिक | २०५६/५/३१ | अरूणानेम्वाङ्ग |
| साझामञ्च साप्ताहिक* | २०५८/५/१९ | गोपाल काफ्ले |
| पूर्वी नेपाल दैनिक | २०५७/१/९ | किरण भारती |
| मासलाइन दैनिक | २०५८/१/१६ | इन्द्रवहादुर न्यौपाने |
| पूर्व सन्देश | २०५८/६/२ | गञ्जवहादुर दाहाल |
| हिमाल साप्ताहिक | २०५८/७/२६ | सुजाता उप्रेती |
| आङ्राधुम्ना (राजवंशी भाषा) | २०५८ साल | इन्द्रप्रसाद राजवंशी |
| शान्द्रुस् (राजवंशी भाषा) | २०५८ साल | पुकार राजवंशी |

* यी पत्रिकाहरू अहिले पनि निरन्तर प्रकाशित छन्।

\# २०५८ मङ्सिरदेखि यसको प्रकाशन केही समयलाई बन्द गरिएको छ।